भाग ५

नेपाल सरकार
अर्थ मन्त्रालयको
सूचना

नेपाल सरकार, अर्थ मन्त्रालयले भन्सार ऐन, २०६४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी तातोपानी सुख्खा बन्दरगाह भन्सार कार्यालयको देहाय बमोजिमको चार किल्ला भित्रको क्षेत्रलाई भन्सार क्षेत्र तोकेको र सो को बाटो निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

दिशा	भन्सार क्षेत्रको चार किल्ला
पूर्व	भोटेकोशी गाउँपालिका वार्ड नं. ४ भोटेकोशी नदीसँग जोडिएको सुख्खा बन्दरगाहको पर्खाल/कम्पाउण्ड वाल र त्यसको समानान्तर भू-भाग।
पश्चिम	भोटेकोशी गाउँपालिका वार्ड नं. ३ दुमिथान गाउँसँग जोडिएको सुख्खा बन्दरगाहको पर्खाल/कम्पाउण्ड वाल र त्यसको समानान्तर भू-भाग।
उत्तर	भोटेकोशी गाउँपालिका वार्ड नं. ३ दुगुना गाउँसँग जोडिएको सुख्खा बन्दरगाहको पर्खाल/कम्पाउण्ड वाल र त्यसको समानान्तर भू-भाग।

दक्षिण	भोटेकोशी गाउँपालिका वार्ड नं. ३ लार्चा गाउँसँग जोडिएको सुख्खा बन्दरगाहको पर्खाल/कम्पाउण्ड वाल र त्यसको समानान्तर भू-भाग।
भन्सार क्षेत्रको बाटो	भोटेकोशी गाउँपालिका वडा नं. २ लिपिङ्ग स्थित नेपाल चीन जोड्ने मितेरी पुल देखि भोटेकोशी गाउँपालिका वडा नं. ३ लार्चा स्थित तातोपानी सुख्खा बन्दरगाह भन्सार कार्यालय, लार्चा, सिन्धुपाल्चोक सम्मको करिब १० किलोमिटर अरनिको राजमार्ग।

आज्ञाले,
लाल शंकर घिमिरे
नेपाल सरकारको सचिव